## शरणार्थी र मानविय कार्यकर्मिमाथिको आक्रमणका बारेमा मूख्य कार्य समूहको वक्तव्य

तेस्रो देशमा पुनर्स्थापित हुन चाहने भुटानी शरणार्थीहरु र मानविय कार्यकर्मिहरुमाथि भइरहेको आक्रमणको धम्कि र आक्रमणहरुबाट मुख्य कार्य समूह (Core Working Group) – अष्ट्रेलिया, क्यानाडा, डेनमार्क, नेदरल्याण्ड, नर्वे र संयुक्त राज्य अमेरिकाका सरकारहरु चिन्तित छन् ।

International Organization of Migration, शरणार्थी सम्बन्धी राष्ट्रसंघीय उच्चायोग (UNHCR) र विश्व खाद्य कार्यक्रम (World Food Programme) ले जेठ ९ मा एक वक्तव्य मार्फत शरणार्थी र मानविय कार्यकर्मीहरु माथिको आक्रमणले नेपालमा रहेका शरणर्थीहरुलाई सहयोग पुऱ्याउने कार्यमा बाधा पुऱ्याएको छ भनेका थिए । तेस्रो देशमा पुनर्स्थापनाका विरुद्ध लागेका समूहहरुले उनीहरुकै हित विपरित काम गरिरहेका छन् । यस्ता हिंसात्मक आक्रमणगर्नेहरुलाई कार्वाही गर्न हामी नेपाल सरकारलाई आहवान गर्दछौं ।

यस्ता धम्किहरुका बावजुद शरणार्थीहरु पुनर्स्थापनाको लागि आवेदन दिन आइरहेको कुरालाई यस मुख्य कार्य समूहले ध्यानमा राखेको छ । आफ्नो देश फर्कने उत्कट चाहना राखेका शरणर्थीहरुका लागि तेस्रो देशमा पुनर्स्थापित हुनु पहिलो रोजाइ होइन भन्ने कुरा हामीले बुझेका छौं । तेस्रो देशमा पुनर्स्थापना हुनाले भविष्यमा भुटान फर्कने विकल्प बन्द हुने छैन । यस समूहका सदस्य सरकारहरु आफ्ना नागरिकहरुलाई स्वदेश फिर्ता जान दिन भुटान सरकारसंग फेरिपनि आग्रह गर्दछन् । हिंसाले यी प्रयासहरुलाई निरुत्साहित पार्छन् ।

शरणार्थीहरुलाई हिंसाको धम्कीका वावजुद मद्दत गर्ने मानविय कार्यकर्मिहरुको यो मुख्य कार्य समूह सराहना गर्दछ । जिल्ला अधिकारीहरु र प्रहरीले शरणार्थी र मानविय कार्यकर्मिहरुको सुरक्षार्थ गरेको प्रयासको पनि यो समूह कदर गर्दछ । नेपाल सरकार, भुटानी शाही सरकार र शरणार्थी सम्बन्धी राष्ट्रसंघिय उच्चायोगसंग सहकार्य जारी राखी शरणार्थीहरुको व्यक्तिगत आवश्यकतालाई विचार गर्दै दिर्घकालिन समाधान पहिल्याउन यो समूह प्रतिबद्ध छ ।

हस्ताक्षर:

– अमेरिकी राजदूत न्यान्सी जे. पावेल (प्रमुख)
– अष्ट्रेलियन राजदूत ग्रायम ल्याड
– क्यानेडियन कन्सुलर एड डो
– डेनिश राजदूत फिन थिल्स्टेड
– नेपाल, भारत र भुटानका लागि नेदरल्यान्डका राजदूत बब हाइन्स्
– कार्यबाहक नर्वेलि राजदूत किकन हाउगेन
– नेपाल, भारत, श्रीलंका र बंगलादेशका लागि न्यूजिल्यान्डका उच्चायुक्त रुपर्ट होलबोरो

#####